नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.ह.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ३६ २०८२ साल बैशाख १४ गते आइतवार (27 Apr. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** शिक्षकहरुको आन्दोलनका ... **पृष्ठ ३ मा :** लाखौं भूमिहीनप्रति ... **पृष्ठ ४ मा :** डिजिटल मिडिया र नेपाली सञ्चार ... **पृष्ठ ५ मा :** नगरवासी पीडित ...

# प्रत्येक बर्ष पाठ्यक्रम परिवर्तन, भर्ना तथा मासिक शुल्कको नाममा विद्यालयद्वारा ठगि



**राजविराज**/बर्षैपिच्छे पाठ्यपुस्तक परिवर्तन, मनपरी शुल्क बृद्धि तथा प्रत्येक बर्ष भर्ना शुल्कको नाममा अधिकांश निजी तथा आवासिय विद्यालयले ठग्न थालेको अभिभावकहरुले गुनासो गरेका छन् ।

शिक्षा सम्बन्धि नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम निजी विद्यालयहरुले विद्यालयमा एक पटक भर्ना भएका विद्यार्थीलाई अर्को बर्ष भर्ना शुल्क लिन नपाउने व्यवस्था गरेको छ । तर, सो व्यवस्थाको खिल्ली उडाउँदै सप्तरीका अधिकांश विद्यालयले विद्यार्थीहरुसंग धमाधम भर्ना शुल्क लिइरहेको र सरोकारबाला निकाय मौन बसेको गुनासो गर्दै अभिभावकहरुले यस्तो गुनासो गरेका हुन् ।

राजविराज ७ निवासी रामाकान्त साहले स्थानिय ह्यापील्याण्ड सेकेण्ड्री स्कूलमा १० कक्षामा अध्ययनरत छोरीसंग विद्यालयले एनुअल शुल्क तीन हजार, परीक्षा शुल्क दुई हजार पाँच सय, मासिक शुल्क तीन हजार नौ सय र कम्प्युटर शुल्क तीन सय ५० गरि कूल नौ हजार सात सय पचास रुपैया लिएको गुनासो गरे ।

यस्तै गुनासो राजविराज ५ का सावित्री झा, राजेश झा, राजविराज ८ का रमेश श्रेष्ठ, राजविराज ४ का भोला अन्सारी लगायत दर्जनौ अभिभावकले गरेका छन् । अर्का अभिभावक राजविराज ३ निवासी मो.जाकिर हुसैनले यहाँका अधिकांश निजी तथा आवासिय विद्यालयहरुले शिक्षा नियमाबलीको नियम ५ र निशुल्क शिक्षा सम्बन्धि ऐन, दफा ५ को उपदफा ३ को व्यापक उल्लेघन गरेको भन्दै यसतर्फ अख्तियार दूरुपयोग अनुसन्धान आयोगको समेत ध्यान पुग्नुपर्ने बताए ।

यता प्रत्येक बर्ष पुस्तक प्रकाशन संस्थाबाट पाईने कमिशनको लोभमा पाठ्यपुस्तक परिबर्तन गर्ने कार्यले आफूहरु माथि थप आर्थिक भार पार्ने काम भएको अभिभावकहरुको गुनासो छ ।

राजबिराज ४ का अभिषेक साहले एक निजी बिद्यालयमा ४ कक्षामा पढने छोराका लागि एक सेट पुस्तक किन्दा चार हजार रुपैया तिर्नु परेको बताए ।

सरकारी बिद्यालयमा ४ कक्षामा पढने बिद्यार्थीलाई निशुल्कै पुस्तक उपलब्ध हुने भएपनि निजि बिद्यालयमा पढ्ने बिद्यार्थीका लागि चार हजार रुपैया पुस्तकमै मात्र खर्चिनु पर्दा आफूहरु समस्यामा पर्ने गरेको उनले पीडा पोखे । केही निजी बिद्यालयले त पुस्तक पसलको नामै तोकेर सोही पसलबाट पुस्तक किन्न बाध्य बनाएका छन् ।

प्रकाशन गृहबाट मोटो रकम कमिशन बापत लिने शर्तमा कमिशन प्रदान गर्ने प्रकाशन गृहको पुस्तक लगाउने काम खुल्लेआम भएको छ ।

कतिपय बिद्यालयहरुले त पाठ्क्रम बिकास केन्द्रबाट स्वीकृति प्रदान नगरिएका पाठ्यपुस्तकहरु समेत आफूखुशी लगाएको अभिभावक उमाशंकर साहको भनाई छ ।

यसका अतिरिक्त सरकारले निर्धारण गरेको भन्दा दुई गुणा बढी सम्म पुस्तक किन्न लगाएर कलिला बालबालिकालाई पुस्तकको भारी बोकाएर भरिया बनाउने काम समेत गरिरहेको अभिभावकहरुको गुनासो छ ।

अनुगमन गर्ने निकाय मौन रहनाले यस्ता गतिबिधि गर्नेहरु हौसिएको भन्दै अभिभावकहरुले अविलम्ब यस तर्फ सरोकारबाला निकायले ध्यान दिनुपर्ने माग गरेका छन् ।

## वायु प्रदूषणबाट जोगिने उपाय

- वायु प्रदूषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखबिरुवा रोपौं, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं ।

वायु प्रदूषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राधाकृष्ण मन्दिरमा १८ दिन नबित्दै पुनः चोरी



**राजविराज**/राजविराज ७ स्थित श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा तीन साता नबित्दै पुनः चोरी भएको छ ।

[redacted]ध्यराती [redacted]दानपेटीका तथा इस्कान राजविराजद्वारा संचालित धार्मिक पुस्तक पसलको काउन्टरको ताल्चा फुटाएर नगद रकम चोरी भएको हो । यसअघि पनि सोही

***बाँकी अन्तिम पृष्ठमा***

## व्यवसायिक खेतीमे रासायनिक खादके प्रयोग कम करू

व्यवसायिक खेतीमे रासायनिक खादके बेसी प्रयोगसे माइटके उर्वराशक्ति घटैत ज्या रहल छै । तै के लागि जैविक खाद प्रयोग करलाके बाद माइटके स्वास्थ्यमे सुधार हैछै आ उत्पादन सेहो बढै छै । जैविक खादके प्रयोग भेल्हा उत्पादित खाद्यवस्तु स्वास्थ्यके लागि पौष्टिक एवम् फाइदाजनक हैछै ।

घरायसी घासपात, गाइ–महिसके गोबर जखा सडैवाला चीजसे जैविक खाद बनायल जा सकै छै । माइटके जिवित राखैला माइट मे है बाला सूक्ष्म जीव सबके मात्रामे वृद्धि कइरके माइटके उर्वरा शक्ति बढाबैमे मदत करै छै । रोग किराके प्रकोप कम करै संगे बाइलके मजगुत सोहो बनबै छै । एतबे नई मानव स्वास्थ्यमे कोनो हानी नोक्सानी नइँ करै छै ।

तै खातिर व्यवसायिक खेतीमे जैविक खादके महत्वके विषयमे अपनो बुझू और दोसरोके बुझाबू ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय

### तरकारी खेतीलाई अगाडि बढाऔं

सप्तरी जिल्ला कृषि सम्भावनाले भरिएको भूमि हो । यहाँको उब्जाउ जमिन, उष्ण हावापानी र मेहनती किसानहरूको उपस्थितिले तरकारी उत्पादनका लागि ठूलो सम्भावना बोकेको छ । तर, यो सम्भावनाको भरपुर उपयोग हुन सकेको छैन । अहिले पनि सप्तरीमा दैनिक उपभोग हुने अधिकांश तरकारीहरू अन्य जिल्ला वा भारतबाट आयात गरिन्छन । यहाँका किसानहरूसँग अनुभव, श्रमशक्ति र इच्छाशक्ति दुबै छ । सहुलियतपूर्ण नीति, प्रविधिको पहुँच, बजारको सुनिश्चितता र सरकारी सहयोगको मात्र अभाव छ ।

सिंचाइ सुविधाको विकास, गुणस्तरीय बीउ तथा मलको उपलब्धता, आधुनिक कृषि ज्ञान र तालिम, कृषक समूहहरूको सशक्तिकरण, र मूल्य निर्धारणमा पारदर्शिता भएमा सप्तरीले आफैं मात्र होइन, आसपासका जिल्लाहरूलाई पनि तरकारी आपूर्ति गर्न सक्छ । स्थानीय तह, कृषि ज्ञान केन्द्र र प्रदेश सरकारबीच समन्वयात्मक कार्यक्रम सञ्चालन गरी तरकारी उत्पादनलाई व्यवसायिक बनाउने बेला आएको छ । कृषकलाई सहुलियत ऋण, बीमा सुविधा र बजारीकरणमा सहयोग पुर्‍याइएमा युवाहरू पनि विदेश हैरिनुको सट्टा आफ्नै माटोमा टिक्न सक्नेछन् ।

तसर्थ तरकारी खेतीलाई प्राथमिकतामा राखेर अघि बढाउन सके सप्तरी मात्र होइन, सिङ्गो राष्ट्रको कृषि आत्मनिर्भरता तर्फ ठूलो पाइला अगाडी बढ्ने छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# शिक्षकहरुको आन्दोलनका कारण शैक्षिक सत्र प्रभावित

**राजविराज**/देशभरका सामुदायिक विद्यालयका शिक्षकहरुको आन्दोलनका कारण सप्तरीका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान प्रभावित भएको छ ।

नयाँ शैक्षिक सत्रको शुरुवात भएको दोश्रो साता बितिसकेको अवस्थामा आन्दोलन संगै सृजना भएको समस्याहरुबारे कुनै पक्षले चासो देखाएउन सकेको छैन् । लोकतन्त्रमा आफ्नो अधिकारको प्राप्तिका लागि संघर्ष गर्नुलाई गलत भन्न नमिले पनि त्यो संगै अरुको अधिकार हनन् गर्नु हुँदैन भने पनि मान्यता रहिआएको हो ।

विद्यालय शिक्षा बिधेयकको माग गर्दै देशैभरिका शिक्षक चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलनमा छन् ।

शिक्षकहरुले थालेको आन्दोलनका कारण देशैभरिका शिक्षकहरु काठमाडौं केन्द्रित आन्दोलनमा सहभागि हुन गएपछि सामुदायिक विद्यालयको पठनपाठन, भर्ना अभियान, पाठयपुस्तक वितरण, एसइइ उत्तर पुस्तिका परीक्षण तथा प्रशासनिक कामकाज समेत ठप्प हुँदा पुरै शैक्षिक क्षेत्रको अवस्था गम्भिर छ ।

गत शैक्षिक सत्रमा सामुदायिक विद्यालयहरुले लिएको वार्षिक परीक्षाको नतिजा पनि प्रभावित बन्नुले समग्र शैक्षिक क्षेत्र नै तहसनहस अवस्थमा पुगिसकेको हो ।

प्रस्तावित विद्यालय शिक्षा बिधेयकमा संशोधन तथा बिगतमा भएको सहमति कार्यान्वयन गर्न माग र यसै संसद अधिवेशनबाट विधेयक पारित गर्नुपर्ने सहितका बिभिन्न शर्त राखेर आन्दोलनमा होमिएका शिक्षकहरुको माग पुरा हुनुपर्छ भन्दै सरोकारबार निकायहरुले एक्यवद्धता समेत जनाएका छन् तर, विद्यार्थीहरुको भविष्यबारे कुनैपनि पक्ष जिम्मेवार नहुँदा नयाँ शैक्षिक सत्रको शुरुवातलाई पनि खल्लो बनाएको छ ।

बिगतमा नेपाल शिक्षक महासंघसँग भएको सहमतिको पालना तथा विद्यालय शिक्षा विधेयक संशोधन गरि शिक्षा ऐन जारि नभएसम्म शैक्षिक आन्दोलन जारि राख्ने आन्दोलनरत शिक्षकहरुले लिएको अडान कायमै छ । पटक-पटक सकारी पक्षसंग वार्ता भएपनि उनीहरु आफ्नो अडानबाट पछि हट्न मानेका छैनन् । आन्दोलन र वार्ता जारी रहँदा त्यसको प्रभाव सप्तरीमा पनि परेको छ ।

यस जिल्लामा प्राबितर्फ १ हजार ७ सय ५१, निमाबितर्फ ४ सय ३४, माबितर्फ ३ सय १५, उमाबिमा ६९ गरि २ हजार ५ सय ६९ शिक्षकहरु सामुदायिक विद्यालयमा कार्यरत रहेको शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका निमित्त प्रमुख कमलनाथ यादवले जानकारी दिए । उनले तथा डेढ लाख भन्दा बढी विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेको बताए ।

इकाई प्रमुख यादवका अनुसार सप्तरीमा ४ सय १७ वटा सामुदायिक विद्यालय रहेका छन् । तर, सम्पूर्ण शैक्षिक क्रियाकलाप ठप्प भएका कारण यहाँका बिद्यार्थी र अभिभावक समेतमा चिन्ता बढेको राजबिराज नगरपालिका वडा नम्बर ७ का वडा सदस्य रामानन्द देवले बताए ।

# मधेश मिडिया काउन्सीलका अध्यक्ष बिरुद्ध भ्रष्टाचार मुद्दा दर्ता

**राजविराज**/मधेस मिडिया काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्यायविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । भ्रष्टाचार मुद्दामा विशेष अदालतमा मुद्दा दर्ता भएसँगै २४ घण्टा नबित्दै निलम्बन परेका हुन् । गत सोमबार मात्रै उनले शपथ ग्रहण गरेका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालले मंगलबार उनीसहित तीन जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो । सोमबार मात्रै उनलाई मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए ।

अख्तियारले उपाध्याय सहित बारा पचरौता नगरपालिका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल हासिम मियाँ अन्सारीविरुद्ध ३ लाख ५२ हजार ५ सय ६० रुपैयाँ बिगोसहित मुद्दा विशेष अदालतमा दर्ता गरेको छ ।

नगरपालिकाले गरेको टेन्डर विज्ञापन सार्वजनिक खरिद ऐन विपरीत गरेको उनीहरूमाथि आरोप छ । बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने प्रावधान छ । तर, उपाध्याय अध्यक्ष रहेको केएस मल्टिपर्पस प्रालिबाट प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्रै पत्रिका प्रकाशन गरेर बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

भुक्तानी दिएको पुष्टि भएपछि तीनै जनामाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएकोले बिगोसहित सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम अख्तियारले कैद पनि माग दाबी गरेको छ । मधेस प्रदेशका गृह तथा सञ्चार मन्त्री राजकुमार लेखीले सो विषयमा भर्खरै जानकारी प्राप्त गरेको र छलफल गरिरहेको बताए ।

उपाध्याय नेपाल पत्रकार महासंघ बाराका पूर्व अध्यक्ष हुन् । उनले एमालेबाट प्रमुख तथा उपप्रमुख निर्वाचित भएका पालिकाहरूमा तालिम तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

यसअघि मधेश प्रदेश सरकारले सोमबार मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्षमा कमल उपाध्याय र आमसञ्चार प्राधिकरणको अध्यक्ष पदमा जीतेन्द्र खड्गालाई नियुक्त गरेको थियो ।

## राप्रपाद्वारा प्रदर्शन

**राजविराज**/हिन्दु राष्ट्र घोषणा, राजतन्त्र पुन: स्थापना, संघीयता खारेजी तथा पक्राउ परेका आफ्ना नेता/कार्यकर्ताको रिहाईको मागँ गर्दै मंगलवार राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले राजबिराजमा प्रर्दशन गरेको छ ।

सो पार्टीको अगुवाईमा राजाबादीहरुले विभिन्न नाराका साथ प्रर्दशन गर्दै आन्दोलनका क्रममा केही दिन अघि पक्राउ परेका आफना नेता/कार्यकर्ताको रिहाको माग गरेका छन् ।

नगर परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालय पुगेको राष्ट्रिय प्रजातन्त्र पार्टीको नेता सहितको टोलीले जिल्ला प्रशासन कार्यालयमा केहीबेर धर्ना दिँदै प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र समेत बुझाएका छन ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साह, केन्द्रिय सदस्य जया महतो, उमेश प्रसाद साह, युवा नेता सुरेश साहका साथै स्थानीयको सहभागिता रहेको थियो ।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# लाखौं भूमिहीनप्रति सरकार गम्भीर छैन

**सुशीला घिमिरे**

नेपालमा भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या दशकौंदेखि समाधान हुन सकेको छैन । भूमि समस्या समाधान आयोग बन्ने र विघटन हुने चक्रले यो समस्या झन् जटिल बन्दै गएको छ ।

> 'कोही मानिस सात पुस्तासम्म एक धुर जमिनविना नै बाँचिरहेको छ । त्यस्ता लाखौं परिवारको समस्या हल गर्न राज्य नै गम्भीर बन्नुपर्छ ।'



लाखौं नेपाली नागरिकहरू पुस्तौंदेखि आफ्नो जमिन नभएर जीवन बिताइरहेका छन् तर राज्यले यस समस्यालाई समाधान गर्न खोजे पनि प्रभावकारी कदम चाल्न नसकेको देखिन्छ । तत्कालीन अवस्थामा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा २०७८ सालमा केशव निरौलाको नेतृत्वमा भूमि आयोग गठन भएको हो । त्यही आयोगको मोरङ जिल्लाको अध्यक्ष भएर मैले झण्डै दुई वर्ष काम गरें तर, त्यो आयोग २०७९ साल चैतमा विघटन भयो ।

करिब दुई वर्षको छोटो कार्यकालमा हामीले विगतका आयोगले गरेका कामलाई निरन्तरता दिंदै नयाँ काम पनि थालनी गऱ्यौं । हामीले ५ सयभन्दा बढी जग्गाधनी पुर्जा वितरण गर्ने निर्णय गऱ्यौं, जसमध्ये केही पुर्जा वितरण गर्न सफल भयौं भने केही राजस्व तिर्न नसक्ने भूमिहीनहरूले लिन सकेनन् । हामीले २ हजार ६०० भन्दा बढी पुर्जा वितरणका लागि सूचना प्रकाशित गऱ्यौं र सयौं हेक्टर जमिनको नयाँ नापनक्सा गरायौं ।

विभिन्न ठाउँमा पुर्जा वितरणका लागि हामीले निर्णयहरू गऱ्यौं । कानेपोखरीमा १६७ घरपरिवारलाई, मिक्लाजुङमा ६७ घरपरिवारलाई र सुन्दर हरैंचामा ४४० कित्ता जग्गाका लागि पुर्जा दिने निर्णय गरेका थियौं तर धेरैजसो निर्णय कार्यान्वयन गर्न पाएनौं । किनकि आयोग अचानक विघटन भयो । पथरीशनिश्चरेको ४ नम्बर र ८ नम्बर वडाको दुई वटा ठुला ब्लकहरूको नापनक्सा पूरा गरी सूचना प्रकाशनको चरणमा पुगेका थियौं । १५ दिनभित्र पुर्जा वितरण गर्ने अवस्थामा पुगेका थियौं तर त्यो पनि पूरा हुन सकेन ।

विशेष गरी कोशी प्रदेशमा झापापछि हाम्रो जिल्लाले सबैभन्दा बढी काम गरेको थियो । देशभरमा तुलना गर्दा हाम्रो जिल्ला दोस्रो वा तेस्रो नम्बरमा पर्ने गरी काम भएको थियो । हाम्रो कार्यकालमा ४ करोडभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भयौं र पुर्जा पनि त्यही हिसाबले बाँड्यौं । कामको धेरै प्रक्रिया पनि अगाडि बढाएका थियौं ।

**मोरङमा तीन प्रकारका समस्या छन्**

मोरङमा काम गर्दा मैले तीन प्रकारका समस्या देखें । पहिलो भनेको भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई दिन मिल्ने भनेर तोकिएको ऐलानी, सरकारी र पर्ती जग्गा हुन् । राज्यले हिजोदेखि नै यस्ता जग्गाहरू दिन मिल्ने भनेर कार्यविधि, नियम र नियमावलीमा उल्लेख गरेको छ । हामीले यस्ता जग्गाहरूको नाप नक्सा गरेर जोतभोगको आधारमा पुर्जा वितरणको काम गऱ्यौं । विगतका आयोगले काम गरेर जुन अवस्थामा पुऱ्याएको थियो, त्यही ठाउँबाट हामीले काम अगाडि बढाउने गरी प्रयास गऱ्यौं ।

दोस्रो समस्या भनेको ऐलानी, पर्ती र सरकारी बाहेकका सार्वजनिक जग्गाहरूमा पुस्तौंदेखि बसिरहेका भूमिहीन सुकुमबासीहरूको हो । यस्ता जग्गाहरूमा हिजोदेखि नै जनताहरू बसिरहेका छन् तर कानुनले दिन मिल्ने गरी ऐन नबनेको कारणले विगतका र अहिलेको आयोगले पनि यस्ता जग्गाहरूको पुर्जा दिन सकेका छैनन् । राज्यले मापदण्ड बनाउँदा भूमिहीन सुकुमबासीहरूलाई, जसको अन्यत्र कहीं जमिन छैन, उनीहरूलाई दिने गरी मापदण्ड बनाएर समस्या समाधान गर्न सकिन्छ ।

केही दिन अगाडि वर्तमान सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेशले केही सम्बोधन गर्न खोजे जस्तो देखिन्थ्यो तर, वास्तविक भूमिहीनहरूलाई भन्दा पनि जो भूमिहीन होइनन्, उनीहरूले लामो समयदेखि सार्वजनिक जग्गा ओगटेर बसेका हुन सक्छन् । त्यस्ता व्यक्तिहरूलाई बढी फाइदा पुग्ने खालको देखिन्थ्यो ।

तेस्रो समस्या विशेष गरी मोरङको पथरीशनिश्चरे र कानेपोखरीमा देखिएको सट्टा भर्नाको समस्या हो । २०३४, ०३५, ०३६ सालदेखि एउटा परिवारले ढालफाँड गरेर बसे पनि २०३९, ०४०, ०४१, ०४२ सालमा माथिबाटै पुर्जा वितरण भयो । अन्य ठाउँका परिवारलाई सट्टाभर्नाको रूपमा जग्गा दिइयो, जहाँ पहिले नै किसान सुकुमबासीले ढालफाँड गरेर जोतभोग गरिरहेका थिए । यसले गर्दा पुर्जा एउटाको नाममा छ तर जग्गा अर्कैले जोतभोग गरिरहेको अवस्था छ । यस्तो समस्या समाधानका लागि छुट्टै कार्यदल बनाएर, वास्तविक सुकुमबासी र सट्टा भर्ना पाउनेबिच छुट्ट्याउने गरी विशेष प्रयास गर्नु आवश्यक छ ।

**जग्गामात्रै कति पटक नाप्ने ?**

यो अहिलेसम्म किन हल भएन र पटक-पटक एउटै जग्गा नापजाँचको काम किन हुन्छ भन्ने कुरा धेरै संवेदनशील छ । मेरो विचारमा यो राज्य र सरकारको लापरबाहीको कारण हो । एउटा आयोग बनेर काम गरिरहेको हुन्छ, नापनक्सा गरेर एउटा प्रक्रियामा काम भइरहँदा अचानक आयोग विघटन हुन्छ । आयोगलाई काम सम्पन्न गर्न, संस्थागत गर्न र रेकर्ड राख्न समय दिइँदैन । आयोग विघटन भएपछि त्यसको कामको अपनत्व कसले लिने भन्ने प्रश्न उठ्छ । कुनै जवाफदेही निकाय हुँदैन ।

अर्को आयोग गठन भएपछि पुराना कागजातहरू खोज्दा ती डकुमेन्टहरू धमिरा लागेको, कुहिएको, च्यातिएको वा नबुझिने अवस्थामा भेटिन्छन् । यसकारण फेरि सुरुदेखि काम गर्नुपर्ने अवस्था आउँछ । जुनसुकै आयोग पनि राज्यको कानुन अनुसार बनाइएको हुन्छ, त्यसकारण त्यो आयोगले गरेका कामहरूलाई सुरक्षित राख्ने र जिम्मेवारी हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्छ ।

हामी पनि आयोगको अन्तिम दिनसम्म काम गरिरह्यौं । भोलिपल्टका लागि बैठक बोलाएको थियो र त्यही दिन ६७ वटा पुर्जा वितरणका लागि निर्णय पनि लेखिसकेका थियौं तर घर पुग्दानपुग्दै आयोग विघटन भएको खबर पायौं । त्यो निर्णय एउटा प्रक्रियामा पूरा भएको थियो । अर्को आयोग आएपछि त्यसलाई तुरुन्तै कार्यान्वयन गर्न सकिन्थ्यो तर त्यो फाइल कहाँ पुग्यो भन्ने विषय नै अज्ञात छ । त्यसकारण यहाँ आयोगको वा आयोगका पदाधिकारीको मात्र दोष होइन, सिङ्गो राज्य र सरकार दोषी छ । हामी आयोगमा आएपछि अघिल्ला आयोगहरूले गरेका कामहरूलाई खोजेर, त्यसैलाई टेकेर निर्णय गर्ने प्रयास गऱ्यौं । विगतमा भएका कामहरूमा नदोहोरिने गरी जति काम भएको थियो, त्यही ठाउँबाट अगाडि बढ्यौं । नयाँ कामहरू मात्र सुरुवाती चरणबाट थालनी गऱ्यौं ।

भूमिहीन समस्या समाधानमा अर्को महत्त्वपूर्ण पक्ष राजस्व निर्धारण हो । राजस्व तोक्ने फर्म्याट धेरै मेहनत गरेर बनाइएको देखिन्छ, तर त्यो वस्तुगत भएन । फिल्डको अवस्था नबुझी, कार्यालयमै बसेर आफ्नो हिसाबले मूल्याङ्कन गरेर राजस्व तोक्ने काम भएको देखिन्छ । एक बिघा जग्गा जोतभोग गरिरहेको अव्यवस्थित बसोबासीले कति राजस्व तिर्न सक्छ भन्ने विषय फिल्डमै गएर अध्ययन गरेर राजस्वबारे कार्यविधि बनाएको भए त्यो अधिक वास्तविक हुन्थ्यो । राजस्वको पुन:मूल्याङ्कन नगरेसम्म अव्यवस्थित बसोबासीको समस्या हल गर्न गाह्रो हुने देखिन्छ ।

**समाधान कसरी गर्ने ?**

यी समस्याहरू समाधानका लागि केही महत्त्वपूर्ण कदमहरू चाल्नुपर्ने देखिन्छ । पहिलो, राज्यले एक पटक गठन गरेको आयोगलाई तीन वर्षे कार्यकाल पूरा गर्न दिनुपर्छ । सरकार परिवर्तन भए पनि आयोगका पदाधिकारीलाई नचलाउने, बरु त्यसको कामलाई अझै निगरानी गरी गतिशीलता बढाउनुपर्छ । होइन भने, सरकार ६-६ महिनामा परिवर्तन हुने र आयोगको पनि त्यस्तै अवस्था हुने हो भने जीवनकालभरमा पनि यो समस्या हल हुने देखिंदैन ।

दोस्रो, आयोगको नाम एउटै राख्ने र पदाधिकारी मात्र परिवर्तन गर्ने हो भने कामले निरन्तरता पाउँछ । नयाँ नामको आयोग गठन हुँदा सबै काम नयाँ ढंगले सुरु हुन्छ र विगतमा भएका कामहरू खेर जान्छन् । हामीले राष्ट्रिय भूमि आयोगको नाममा काम गऱ्यौं तर अर्को आयोग अर्कै नामबाट आउँदा पुर्जा, नक्सा र अन्य कामहरूको वैधानिकता समाप्त हुन्छ ।

तेस्रो, सट्टा भर्नाको समस्या समाधानका लागि विशेष कार्यदल गठन गरेर सम्बोधन गर्नुपर्छ । यस्तो समस्याको स्पष्ट खाका तयार पारेरमात्र वास्तविक सुकुमबासी र सट्टा भर्ना पाउनेबारे स्पष्टता ल्याउन सकिन्छ । चौथो, राजस्व निर्धारणमा पुनरवलोकन गरी वस्तुगत बनाउनुपर्छ । फिल्डको वास्तविक अवस्था हेरेर राजस्व निर्धारण गर्दा मात्र भूमिहीनहरूले पुर्जा लिन सक्षम हुन्छन् र, पाँचौं- वन ऐनले गरेको बाधा फुकाउन कानुन संशोधन गर्नुपर्छ ।

निष्कर्षमा भन्नुपर्दा भूमिहीन समस्या समाधान गर्न राज्य नै गम्भीर र संवेदनशील हुनु आवश्यक छ । यो एउटा जटिल र संवेदनशील विषय हो, जसले लाखौं नेपाली नागरिकहरूको जीवनमा प्रभाव पारेको छ । मोरङमा मात्रै झण्डै एक लाख परिवारलाई पुर्जा दिनुपर्ने अवस्था छ तर हामीले जम्मा ५०० जतिमात्र पुर्जा वितरण गर्न सक्यौं । अझै धेरै परिवार पुर्जाका लागि पर्खिरहेका छन् ।

सात पुस्तासम्म एक कट्ठा, एक धुर जमिनविना जीवन बिताइरहेका लाखौं परिवारको समस्या हल गर्न भनेर आयोग गठन गरिन्छ तर त्यो आयोगको कामप्रति राज्य संवेदनशील भएको देखिंदैन । राज्यले जुनसुकै आयोगले गरेका कामहरूको अपनत्व लिनुपर्छ र निरन्तरता दिनुपर्छ । एउटा आयोग बनेर केही सय पुर्जा बाँडेरमात्र यो समस्या समाधान हुँदैन । पुर्जा वितरणको लामो प्रक्रिया छ । निवेदन दिने, फर्म भर्ने, जग्गा नापजाँच गर्ने, सूचना प्रकाशित गर्ने, पुर्जा दिने, किस्ता रकम बुझाउने र मालपोतमा गएर पुर्जा कार्यान्वयन गर्ने । यी सबै पूरा गर्न स्थिरता र निरन्तरता आवश्यक छ । भूमिहीन समस्या हाम्रो राष्ट्रको एउटा गम्भीर चुनौती हो । यसलाई सम्बोधन गर्न राज्यले दीर्घकालीन सोच र प्रतिबद्धताका साथ अगाडि बढ्नुपर्छ । छिटो-छिटो आयोग गठन र विघटन गर्ने प्रवृत्तिले समस्या झन् जटिल बन्दै गएको छ । राज्यले यस विषयमा गम्भीर भएर, एक पटक गठन गरेको आयोगलाई काम सम्पन्न गर्न पर्याप्त समय र संसाधन दिनुपर्छ । साथै, विगतमा गरिएका कामहरूको संस्थागत स्मरण र अपनत्व कायम राख्ने प्रणाली विकास गर्नुपर्छ । यस्तो गरेमा मात्र दशकौंदेखि रहेको भूमिहीन समस्या समाधान हुन सक्छ । ( मोरङ भूमि आयोगकी पूर्वअध्यक्ष घिमिरेसँग गरिएको कुराकानीमा आधारित ।) रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# डिजिटल मिडिया र नेपाली सञ्चार उद्योगको रुपान्तरण

**राजु श्रेष्ठ**

डिजिटल प्रविधिको विकाससँगै नेपाली सञ्चारमाध्यमहरूको स्वरूपमा पनि आमूल परिवर्तन आएको छ। परम्परागत सञ्चारमाध्यमहरू (छापा, रेडियो र टेलिभिजन)बाट डिजिटल प्लेटफर्मतर्फको रुपान्तरणले सञ्चारको पहुँच, स्वरूप, सामग्री र प्रभावलाई व्यापक बनाएको छ। यति बेला युट्युब, फेसबुक, टिकटक र अन्य सामाजिक सञ्जाल माध्यमहरू जनमानसमा प्रभावशाली बन्दै गएका छन्। यसले मिडिया मात्र होइन, रोजगारी, शिक्षा, अर्थतन्त्र, सूचना पहुँच र जनचेतनाको स्वरूपमा समेत ठूलो प्रभाव पारेको छ।

**वर्तमान अवस्था:**

नेपालमा यति बेला विश्वबजारका प्राय: सबै डिजिटल मिडियाको प्रयोग भइरहेको छ। विशेष गरी सन् २०१५ पछि विकासमा गति वृद्धि भएको हो। दूरसञ्चार सेवाप्रदायकले फोरजी सेवा शुरु गरेपछि देशभर इन्टरनेटको पहुँच विस्तार भयो। त्यससँगै डिजिटल सामग्री उत्पादकको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ। सन् २०२५ को प्रारम्भसम्म आइपुग्दा नेपालमा मोबाइल इन्टरनेट प्रयोगकर्ताको संख्या झन्डै २ दशमलव ७ करोड पुगेको तथ्यांक पाइन्छ।

अहिले युट्युब, फेसबुक, टिकटकलगायतका प्लेटफर्ममा सक्रिय सामग्री उत्पादकहरूको संख्या लाखको संख्यामा पुगेको छ। युट्युबबाट आम्दानी गर्ने नेपाली सामग्री निर्माताको संख्या उल्लेख्य छ। सन् २०२४ को तथ्यांकअनुसार नेपालमा १ हजार ५ सयभन्दा बढी युट्युब च्यानलहरूले मासिक हजार डलरभन्दा बढी आम्दानी गर्न सफल भएका छन्।

एक अपुष्ट तथ्यांकअनुसार नेपालमा फेसबुकका १ करोड २० लाख भन्दा बढी नेपाली सक्रिय प्रयोगकर्ता, युट्युबका १ करोड सक्रिय दर्शक, टिकटकका ९० लाख, इन्स्टाग्रामका ४० लाख, लिङ्डेनका करिब ७ लाख प्रोफेसनल प्रयोगकर्ता रहेको अनुमान छ। यी तथ्यांकहरूले नेपालमा डिजिटल मिडियाका लागि ठूलो दर्शक वर्ग रहेको देखाउँछ।

**रोजगारी र उद्यमशीलतामा नयाँ आयाम:**

डिजिटल मिडियाको विकाससँगै नयाँ प्रकारका रोजगारी सिर्जना भएका छन्। सामग्री सम्पादन, भिडियो निर्माण, अनलाइन पत्रकारिता, ग्राफिक्स डिजाइन, एनिमेसन, डिजिटल मार्केटिङ, एसईओ विशेषज्ञता, इमेल तथा बजार प्रवर्द्धन, सामाजिक सञ्जाल व्यवस्थापनजस्ता क्षेत्रमा धेरै युवाहरू सक्रिय भएका छन्। बेरोजगारी समस्याले थिचिएको नेपाली युवा पुस्ता अब डिजिटल प्लेटफर्मबाटै आफ्नो उद्यम शुरु गर्न थालेका छन्। युट्युब, फेसबुक भिडियो, टिकटक, पोडकास्ट र न्यूज पोर्टलजस्ता माध्यमहरूबाट आय आर्जन गर्न सकिने संरचना तयार हुँदै गएको छ।

**आम्दानीका स्रोतहरू:**

डिजिटल मिडियाबाट आम्दानी गर्न ब्रान्ड स्पोन्सरसिप र इन्फ्लुएन्सर मार्केटिङ, ई-कमर्स इन्टेग्रेसन, ई-लर्निङ प्लेटफर्म निर्माण गर्ने सम्भावना छ। नेपालमा लोकप्रिय डिजिटल मिडिया विधाहरूमा भिडियो कन्टेन्ट, लोकसंस्कृति, हास्य, मोटिभेसन, अनलाइन समाचार पोर्टल र पोडकास्ट अगाडि छन्। डिजिटल मिडियाबाट हुने आम्दानीको प्रमुख स्रोतहरूमध्ये देशभित्रको विज्ञापनबाहेक युट्युबबाट गुगल एडसेन्स, प्रायोजन, उत्पादन बिक्री, मार्केटिङ प्रमुख छन्। युट्युबबाट ६-१२ महिनाको प्रयासपछि आम्दानी शुरु गर्न सकिन्छ भने फेसबुक र टिकटकमा ३-६ महिनामै विज्ञापन वा गिफ्टमार्फत आय शुरु हुन्छ। न्यूज पोर्टलबाट गुगल एड्सेन्स र सदस्यता शुल्कमार्फत १२-२४ महिनामा आम्दानी हुने गरेको देखिन्छ।

**नेपालमा विज्ञापन बजारको अवस्था:**

देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को १ प्रतिशतभन्दा न्यून रकम बराबरको विज्ञापन बजार रहेको छ। विज्ञापन बोर्डका लागि कम्युनिकेसन एन्ड रिसर्च इनिसिएटिभ नेपालले २०७९/८० मा गरेको अध्ययनअनुसार पत्रपत्रिका, रेडियो र टेलिभिजनमा छुटअघिको विज्ञापनको कुल कारोबार ३० अर्ब ६१ करोड ८० लाख र छुटपछिको कारोबार १३ अर्ब २३ करोड १९ लाख रुपियाँ रहेको छ। आर्थिक बर्ष २०७८/७९ मा नेपालको जीडीपी ४२ खर्ब ६६ अर्ब ३२ करोड हुँदा नेपालमा विज्ञापनको बजार छुटअघि ३० अर्ब ६१ करोड ८० लाख रहेको देखिएको छ। जसअनुसार विज्ञापन बजारको हिस्सा जीडीपीको ०.७५ प्रतिशतको हाराहारी देखिन्छ।

राष्ट्रिय तथ्यांक कार्यालयले नेपालको जीडीपी साढे ५७ खर्ब रुपियाँ रहेको आँकलन गरिरहेका बेला उल्लिखित तथ्यांकलाई आधार मान्ने हो भने यति बेला नेपालको विज्ञापन बजार ५० अर्ब रुपियाँ हाराहारीको हुनुपर्ने हो। तर, परम्परागत मिडिया (पत्रपत्रिका, रेडियो, टीभी)मा विज्ञापन प्रवाहको अवस्थालाई बजार विस्तार त्यति ठूलो आकारमा भएको देखिँदैन। विज्ञापन बजार संकुचन हुँदै जाँदा परम्परागत माध्यमभन्दा वैकल्पिक माध्यम डिजिटल मिडियामा विज्ञापन प्रवाह हुने क्रममा तीव्र वृद्धि भइरहेको छ। औसत वार्षिक १५ प्रतिशतका दरले विज्ञापन बजार वृद्धि हुँदै गएको विभिन्न तथ्यांकले देखाउँछ। जसअनुसार हाल नेपालमा १५ देखि १८ अर्ब रुपियाँको खुद विज्ञापन बजार (छुटपछिको) रहेको मानिन्छ। तर, पत्रपत्रिका, रेडियो, टीभीमा १० अर्बभन्दा कम विज्ञापन प्रवाह हुने गरेको छ।

जसमध्ये करिब ६० प्रतिशत सरकारी कार्यालयको रहेको छ। उल्लिखित तथ्यांकका आधारमा विश्लेषण गर्ने हो भने ७ अर्ब रुपियाँभन्दा बढीको विज्ञापन वैकल्पिक माध्यम (डिजिटल प्लेटफर्म, होर्डिङ बोर्ड, डिस्प्ले बोर्ड, पर्चा, पम्पलेट आदि) मार्फत गइरहेको छ। एडस्टार नामक संस्थाले सन् २०२० मा गरेको अध्ययनअनुसार नेपालमा डिजिटल प्लेटफर्ममार्फत गरिने विज्ञापन १ अर्ब रुपियाँको थियो। त्यसरी गरिने विज्ञापन हरेक वर्ष ३५ प्रतिशतसम्मले वृद्धि हुँदै गएको छ। तर, कोभिड महामारीपछि पत्रपत्रिकामा हरेक वर्ष ३० देखि ३५ प्रतिशत, रेडियोमा १० देखि १५ प्रतिशत, टेलिभिजनमा ८ देखि १० प्रतिशतका दरमा विज्ञापन घटेको अध्ययनले देखाएको छ। हाल विज्ञापनको प्रवृत्ति हेर्ने हो भने पत्रपत्रिका, रेडियो, टेलिभिजनलगायत परम्परागत माध्यहरूबाट अनलाइन वा डिजिटल माध्यमतर्फ विज्ञापन स्थानान्तरण हुने गरेको देखिन्छ।

**विज्ञापन स्थानान्तरण:**

प्रविधिको द्रुत विकास र उपभोक्ताहरूमा देखिएको बदलिँदो व्यवहार एवं जीवनशैली मुख्य कारण हो। जसका आधारमा भविष्यको विज्ञापन क्षेत्र डिजिटल विज्ञापनले वर्चश्व कायम गर्ने सहज अनुमान गर्न सकिन्छ। अहिलेको विज्ञापन बजार हेर्दा डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जालमा ५० प्रतिशतभन्दा बढी विज्ञापन गइसकेको छ। आर्थिक वर्ष २०७८/७९ मा १४ अर्ब ७० करोड रुपियाँ बराबरको बजार आर्थिक वर्ष २०७९/८० सकिँदा १२ अर्ब ५५ करोड रुपियाँमा झरेको नेपाल विज्ञापन संघ (आन) को अध्ययनले देखाएको छ। बजार विज्ञहरु भन्छन्, नेपालको विज्ञापन बजारको अवस्था बिग्रिएको होइन, ट्र्याक मात्रै परिवर्तन भएको हो। अनलाइन तथा डिजिटल माध्यमको विकास र विस्तारसँगै रेडियो, टेलिभिजन र पत्रपत्रिकालगायत परम्परागत माध्यममा प्रकाशन तथा प्रसारण हुने विज्ञापन क्रमिकरूपमा बढ्दै गएको देखिन्छ। भविष्यमा परम्परागत मिडिया प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापन पनि स्थान्तरण हुने प्रबल सम्भावना छ। अहिले वार्षिक ३०/३५ करोडको हाराहारीमा हुँदै आएको उक्त विज्ञापन खर्चको ७० प्रतिशत औचित्यहीन देखिएको अध्ययन देखाएको छ।

**बजार संकुचन हुँदै जानुको कारण:**

विज्ञापन बजार देशको अर्थतन्त्रसँग जोडिएकाले आर्थिक गतिविधिसँग जोडिन्छ। सन् १९९० देखि देशले उदार अर्थतन्त्र अँगालेपछि सञ्चारमाध्यमको तीव्र विकास भएसँगै विज्ञापन क्षेत्रले गति लिन थाल्यो। तर माओवादी द्वन्द्व, तराई आन्दोलनदेखि भूकम्प र कोभिड माहामारीलगायतका कारण अर्थतन्त्र शिथिल बन्दै गयो। त्यसको प्रत्यक्ष असर विज्ञापन बजारमा पनि पऱ्यो। त्यसबाहेक विभिन्न नीतिगत तथा व्यावहारिक समस्याहरू पनि आउन थाले। मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापनमा रोक, बिमा, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सीमा निर्धारण तथा विज्ञापनलाई ब्रान्ड स्थापित गराउने माध्यमभन्दा पनि फजुल खर्चका रुपमा लिने सोच, कर्पोरेट कल्चर विकास नहुनुलगायतका कारण पनि मुख्यरुपमा देखिएको छ।

त्यस्तै नेपालमा विदेशी ब्रान्डका आयातीत वस्तुको खपत उल्लेख्य मात्रामा भए पनि तिनीहरूको विज्ञापन निकै कम मात्रामा भइरहेको पाइन्छ। विज्ञापनका लागि तिनीहरूलाई प्रोत्साहित गर्ने नीति तथा कानुन नहुँदा विज्ञापनको आकार आशातीत रूपमा बढ्न नसक्ने मात्रै होइन सरकारको राजस्वसमेत गुमिरहेको अवस्था छ। पछिल्लो समय सामाजिक सञ्जालमा विज्ञापन दिने प्रवृत्ति बढ्न थालेसँगै राजस्वमा थप क्षति भएको छ। आनको तथ्यांकअनुसार विज्ञापन एजेन्सीहरूबाट सरकारले ३ करोडभदा बढी राजस्व प्राप्त गर्दछ भने सञ्चारमाध्यमबाट पनि सोभन्दा बढी राजस्व प्राप्त गरेको छ। तर, डिजिटल प्लेटफर्म भएको खर्चले अपारदर्शिता बढाएको छ।

**आवश्यक सीप:**

डिजिटल मिडियामा सफल हुन विविध सीप आवश्यक पर्छ। जसमा सामग्री सिर्जना, भिडियो सम्पादन, कथावाचनको कला, मोसन ग्राफिक, ग्राफिक डिजाइन, इन्फोग्राफिक, एनिमेसन, सामाजिक सञ्जाल व्यवस्थापन, बेबसाइट डिजाइन र विकास, एसईओ म्यानेजमेन्ट, डिजिटल मार्केटिङ, सामाजिक सञ्जाल विज्ञापन (फेसबुक/गुगल विज्ञापन), वेब डेभलपर, सामग्री व्यवस्थापन प्रयोग, मोबाइल एप विकास, कन्टेट क्रिएटर, एडिटरजस्ता क्षेत्रहरू पर्दछन्।

**अवसर र चुनौतीहरू:**

नेपालमा डिजिटल मिडियाले अवसरहरू प्रदान गरिरहेको छ। विशेष गरी नवप्रवर्तनशील सोच भएका युवाहरूका लागि सजिलो उद्यमशीलता, न्यून पूँजीमा व्यवसाय शुरु गर्न सकिने, गाउँदेखि शहरसम्म डिजिटल पहुँच विस्तार, वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता कम गर्ने विकल्प दिने। तर, सामग्रीको गुणस्तरमा एकरूपता अभाव छ, अनलाइन दुरुपयोग र भ्रामक सूचनाको समस्या बढ्दो छ, कानुनी तथा नीति निर्माणमा ढिलासुस्ती, उच्च प्रतिस्पर्धा र नक्कली फलोअर्सको बिगबिगी पनि व्याप्त छ।

**डिजिटल साक्षरता र नीतिगत सुधारको आवश्यकता:**

सरकारले डिजिटल मिडियालाई अबको आर्थिक र सामाजिक विकासको प्रमुख आधारको रूपमा स्वीकार गरी नीतिगत सुधार आवश्यक छ। डिजिटल विज्ञापन नीति, अनलाइन पत्रकारिता मापदण्ड, सामाजिक सञ्जाल नियमन, डेटा सुरक्षा कानुन, बजार प्रवर्द्धन तथा ई-कमर्स कर व्यवस्था, सामग्री अधिकार र कपीराइट कानुन सुधारको आवश्यकता देखिन्छ।

**परम्परागत मिडियामाथि कालो बादल:**

समयसापेक्षरूपमा परम्परागत मिडिया परिवर्तन हुन नसकेकाले पनि विज्ञापनदाताहरू डिजिटल सञ्चारमाध्यमतर्फ आकर्षित हुन थालेको देखिन्छ। डिजिटल प्लेटफर्ममार्फत सूचना प्रवाहमा सहजता, विज्ञापनको तत्काल प्रभाव पर्ने, डिजिटल माध्यमको अनुगमन गर्न सहज, विज्ञापनमा आकर्षक शैली अपनाउनु तथा प्रयोगकर्ताको बढ्दो संख्याले पनि परम्परागत माध्यमको आकर्षण घटेको हो। यद्यपि पत्रपत्रिका, रेडियो, टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमहरूमा पनि विज्ञापन गर्ने क्रम रोकिएको छैन। तर, डिजिटल मिडिया आएपछि तुलनात्मकरूपमा कम प्राथमिकतामा परेको छ। तर कतिपयले भने परम्परागत माध्यममा विज्ञापनमा आएको गिरावट क्षणिक भएको र यिनीहरूको प्रभाव बिस्तारै पुनर्स्थापित हुने अनुमान गर्छन्।

अन्त्यमा, डिजिटल मिडिया अब सूचना प्रवाहको मात्रै माध्यम होइन, रोजगारी, उद्यमशीलता, शिक्षा, सामाजिक सचेतना र आर्थिक विकासको आधार बनिसकेको छ। नेपालमा यसको दिगो विकासका लागि युवा, सरकार, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य आवश्यक छ। सही नीति, सीप विकास, संरचना विस्तार र डिजिटल साक्षरताको सुनिश्चितता हुँदै जाने हो भने नेपालले डिजिटल मिडियाको माध्यमबाट समावेशी र दिगो विकासको दिशा लिन सक्छ। स्मार्टफोन र इन्टरनेटको पहुँच बढ्दै जाँदा दर्शकहरूको रुचि डिजिटल सामग्रीतर्फ सर्दै गएको छ। विज्ञापनदाताले परिणाम मापन गर्न सकिने प्लेटफर्मलाई प्राथमिकता दिने भएको हुँदा हाल सञ्चालनमा रहेका परम्परागत सञ्चारमाध्यमले आफूलाई रुपान्तरण गर्दै डिजिटल प्लेटफर्ममा पनि लैजान जरुरी छ।

न्युजअफ नेपालबाट

## ट्याक्टर दुर्घटनामा एकको मृत्यु

**राजविराज**/माटो बोकेर जाँदै गरेको ट्याक्टर बिहीबार पल्टिदा एक जनाको मृत्य भएको छ भने दुर्घट्नामा परी अर्का एक जना गम्भिर घाईते भएका छन्।

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १४ रम्पुरा मल्हिनियाँमा स.१त. ५०८३ नम्बरको ट्याक्टर पल्टिदा सोही वडाका जितेन्द्र यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

टाउको र ढाडमा चोट गहिँरो चोट लागेका २१ बर्षीय यादवलाई उपचारका लागि स्थानिय छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक जितिन्द्र कुमार बस्नेतले जानकारी दिए।

दुर्घटनामा सोही वडाका २० वर्षीय दिपेश यादव घाइते भएको र उनको अहिले छिन्नमस्ता अस्पतालमै उपचार भईरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार माटो बोकेर लैजाने क्रममा माटो निकालेर बनेको गहिँरो खाडलमा अचानक टायर फँसेर ट्याक्टर पल्टिएको थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# नगरवासी पीडित संघर्ष समितीद्वारा दोश्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा

**राजविराज**/लालपूर्जा बिहीन राजबिराज नगरवासी पीडित संघर्ष समितिले लालपूर्जा पाउनु पर्ने माग गर्दै दोश्रो चरणको आन्दोलनको घोषणा गरेको छ।

प्रथम चरणमा बजार बन्द र विरोध प्रर्दशनका कार्यक्रम सम्पन्न गरेका राजबिराज नगरवासी पीडित संघर्ष समितीले दोश्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको हो।

मंगलवार राजबिराजस्थित गजेन्द्र चौकमा पत्रकार सम्मेलनको आयोजना गरी संघर्ष समितीका संयोजक इरसाद अन्सारीले माग पुरा गराउन थप दबाव दिने उद्देश्यले बैशाख १८ गते नगर क्षेत्रको सबै घर र पसलमा कालो झण्डा झुण्ड्याइने, बैशाख १९ गते गजेन्द्र चौकमा मागका पक्षमा हस्ताक्षर संकलन अभियान, बैशाख २१ गते नापी कार्यालयमा कामकाज ठप्प पार्ने गरी धर्ना र बैशाख २२ गते राजबिराज नगरपालिका कार्यालयमा धर्ना दिने कार्यक्रम घोषणा गरेका छन्।

यसअघि प्रथम चरणको आन्दोलनका क्रममा स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुख र सरोकारवाला निकायका प्रमुखको उपस्थितीमा गत फागुन १८ गते भएको सहमती कार्यान्वयनमा ढिलाई भएको भन्दै नगरबासीको तर्फबाट गठित संर्घष समितिले दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको हो।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँ रहेका ५ हजार २ सय परिवार वर्षौ देखी लालपूर्जा पाउन सकेका छैनन। मालपोत कार्यालयबाट विगत ८ बर्ष देखी रोक्का प्रकृया तथा राजबिराज नगरपालिका कार्यालयबाट नक्शापास लगायतका कार्य बन्द भएपछी स्थानीय समस्यामा परेको संघर्ष समिती तथा बार्ता समितिका सदस्य दिपेन्द्र चौधरीको भनाई छ।

संघर्ष समितीले नगरका बिटौरी र ब्लक जग्गामा पुस्तौ देखी बसोबास गर्दै आएका ५ हजार भन्दा बढी परिबारलाई लालपूर्जा प्रदान गरिनु पर्ने, राजबिराज बसपार्कको संचालन, सीमानाका क्षेत्रमा बिषादी परिक्षणका लागी क्वारेन्टाईनको व्यवस्था, लामो समय देखी बन्द रहेको छोटी भन्सार कार्यालयहरुको संचालन, लामखुट्टे नियन्त्रणका लागी औषधी छर्कने व्यवस्था, हटियामा निर्माणाधिन कप्लेक्सको अबिलम्ब निर्माण कार्य सकाएर व्यापारीलाई हस्तान्तरण लगायतका ८ बुंदे माँग अघि सारेका छन।

झण्डै ६५ वर्ष देखी संघर्षरत बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका राजबिराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार अझै लालपूर्जा पाउने आस लगाइरहेका छन्।

# शिक्षा विकास इकाई कार्यालयमा तालाबन्दी, सामाजिक विकासको खोलियो

**राजविराज**/शिक्षा विकास इकाई कार्यालय सप्तरीको कार्यालयमा गत आइतबार तालाबन्दी गरिएको छ। विभिन्न विद्यालयहरुको शिक्षा विकास तथा भौतिक निर्माण कार्यका लागि मधेश प्रदेशबाट पठाइएको चिठीहरु सम्बन्धीत वडाहरुमा अझै नपुगेको भन्दै उक्त तालाबन्दी गरिएको हो।

यता सामाजिक विकास इकाई कार्यालय सप्तरीमा जनमत पार्टीका नेता कार्यकर्ताले लगाएको ताला गत आइतबार खोलिएको छ।

सम्बन्धीत वडा कार्यालयहरुमा बिकासीय योजनाहरुको चिठी नपुगेको भन्दै जिल्लाको विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, संघसंस्थाका प्रतिनिधिहरुको अगुवाईमा तालाबन्दी गरिएको छ।

नागरिक उन्मुक्ति पार्टीका केन्द्रिय सचिव तुलसी थारुले अधिकांश बिकासीय योजनाका चिठीहरु प्रदेश राजधानी जनकपुरमै कमिशन लिई बिक्रि गरेको तथा बाँकी रहेका चिठीहरु व्यक्ति व्यक्तिहरुले कमिशन लिएर बेच्ने गरेको थाहा पाएपछी तालाबन्दी गर्न बाध्य भएको बताए।

थारु कल्याणकारिणी सभाका जिल्ला सचिव मिलन लेखीले विद्यालय जस्तो संवेदनशिल क्षेत्रमा समेत राजीनितकरणका कारण शिक्षाको स्तर घट्दै जाँदा त्यसको बाधक राजनीतिक दल नै रहेकोले बाध्य भई तालाबन्दी गर्नुपरेको लाचारी सुनाए।

यस्तै सामाजिक विकास इकाई कार्यालय सप्तरीमा जनमत पार्टीका नेता कार्यकर्ताले लगाएको ताला गत आइतबार खोलिएको छ।

कार्यालय प्रमुख शुशील कुमार झा र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि डम्बर कुमार खंग, जनमत पार्टीका नेता भगवती प्रसाद यादव र भूपेन्द्र प्रसाद सहितको बैठकमा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवको अगुवाई कार्यालयमा लगाईएको ताला खोल्ने निर्णय भएको हो।

गत चैत २९ मा खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा सामाजिक विकास ईकाई कार्यालयमा पठाइएको विभिन्न योजनाका अधिकांश चिट्ठी कार्यालय प्रमुख शुशिल झाले जनकपुरमै कमिशन लिई बिक्री गरेको आरोप लगाउँदै जनमत पार्टीका संसदीय दलका नेता एवं पूर्व मन्त्री महेश प्रसाद यादवको अगुबाईमा सामाजिक बिकास ईकाई कार्यालय सप्तरीमा तालाबन्दी गरिएको थियो।

# सवारी ज्यान मुद्दाका दुई फरार अभियुक्त पक्राउ

**राजविराज**/ सवारी ज्यान मुद्दाका दुई फरार अभियुक्त पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरीको तिरहुत गाउँपालिका २ का ४९ वर्षिय श्रवण कुमार राम छन। उनी दश महिनापछि बुधबार पक्राउ परेका हुन।

उनलाई बिहीबार कैद भुक्तानका लागी राजबिराज कारागार चलान गरिएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार २०८१ असाढ २७ गते सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई दुई महिना कैद सजाय हुने ठहर गरेको थियो।

यस्तै सवारी ज्यान मुद्दामा १५ दिन कैद सजाय पाएर फरार अर्का प्रतिबादी एक बर्षपछी पक्राउ परेका छन।

पक्राउ पर्नेमा सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ का ४० वर्षिय पञ्चदेब मण्डल छन। बिहीबार साँझ पक्राउ गरेका उनलाई अदालतको आदेशानुसार शुक्रबार कैद भुक्तानका लागी राजबिराज कारागार चलान गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार २०८१ बैशाख ७ गते सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई १५ दिन कैद सजाय हुने ठहर गरेको थियो।

अदालतको आदेश भए लगतै उनी फरार भएका थिए। पक्राउ परेका दुबै जनालाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

### इरानको बन्दरगाहमा शक्तिशाली विस्फोट : ५ सय १६ जना घाइते

**तेहरान**/इरानको दक्षिणी प्रान्त होर्मोजगानस्थित महत्वपूर्ण बन्दरगाह शाहिद राजीमा शनिबार भएको एक शक्तिशाली विस्फोटमा घाइते हुनेहरूको सङ्ख्या ५१६ पुगेको छ।

सरकारी टेलिभिजनले आपतकालीन सेवाहरूलाई उद्धृत गर्दै जनाएको अनुसार "५१६ जना घाइते भएका छन् र सयौंलाई नजिकैका स्वास्थ्य केन्द्रहरूमा स्थानान्तरण गरिएको छ।"

यसअघि इरानको सरकारी समाचार संस्था आइआरएनएले देशको आपतकालीन स्वास्थ्य सेवा सङ्गठनका प्रवक्ता बाबक येक्तापारस्तलाई उद्धृत गर्दै ४०६ जना घाइते भएको जानकारी दिएको थियो। प्रवक्ताका अनुसार, घटनास्थलमा १५ वटा एम्बुलेन्स र चार वटा एम्बुलेन्स बसहरू तुरुन्तै परिचालन गरिएको थियो।

विस्फोट ग्यास ट्याङ्कीमा भएको बताइएको छ, जसले गर्दा आकाशमा बाक्लो धुवाँ देखिएको र वरपरका भवन तथा सवारीसाधनहरूमा ठूलो क्षति पुगेको छ।

सम्बन्धित निकायहरूले घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्। उद्धार तथा राहत टोलीहरू घटनास्थलमा सक्रिय रूपमा कार्यरत छन् भने सुरक्षाका दृष्टिले बन्दरगाहका सबै गतिविधिहरू हालका लागि स्थगित गरिएको छ।

अर्धसरकारी समाचार संस्था तास्नीमका अनुसार मृत्युको आधिकारिक पुष्टि भइसकेको छैन, तर घाइतेहरूको सङ्ख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ। एजेन्सी

### पुटिनसँग फरक तरिकाले व्यवहार गर्नुपर्ने हुन सक्छ : ट्रम्प

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालैका दिनमा युक्रेनका नागरिक क्षेत्रमा भएका रूसी आक्रमणप्रति चिन्ता व्यक्त गर्दै रूसी राष्ट्रपति भ्लादिमिर पुटिन सम्भवतः 'युद्ध अन्त्य गर्न इच्छुक नहुन सक्ने' बताउनुभएको छ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग रोममा सम्पन्न भेटपछी 'ट्रुथ सोसल' मार्फत व्यक्त बिचारमा ट्रम्पले पुटिनसँग व्यवहार गर्ने तरिकामा फेरबदल हुन सक्ने सङ्केत पनि गर्नुभएको छ। "नागरिक क्षेत्रमा, शहर र गाउँहरूमा क्षेप्यास्त्र आक्रमण गर्नुको कुनै जायज कारण देखिँदैन। यसले मलाई यस्तो अनुभूति दिएको छ कि पुटिन सम्भवतः युद्ध अन्त्य गर्न गम्भीर हुनुहुन्न," ट्रम्पले उल्लेख गर्नुभयो।

"उहाँले मलाई केवल समय कटाइरहनु भएको जस्तो लाग्छ र अब उहाँप्रति फरक रणनीति अपनाउनुपर्ने हुनसक्छ? अहिले धेरै निर्दोष मानिसहरू मारिइरहेका छन्।"

यसैबीच, क्रेमलिनले जनाएको अनुसार, रूसी राष्ट्रपति पुटिनले शुक्रबार मस्कोमा अमेरिकी प्रतिनिधि स्टिभ विटकोफसँगको भेटमा युक्रेनसँग बिना पूर्वशर्त वार्ता गर्न तयार रहेको बताउनुभएको छ। एजेन्सी

### गाजामा पाँच वर्षे युद्धविरामका लागि सबै बन्धकको रिहा गर्ने हमासको प्रस्ताव

**कायरो**/गाजामा जारी युद्ध अन्त्यका लागि हमासले सबै बन्धकलाई रिहा गर्ने र इजरायलद्वारा पाँच वर्षका लागि युद्धविराम गर्ने सहमतिका लागि नयाँ प्रस्ताव अघि सारेको हमास निकट एक अधिकारीले शनिबार बताएका छन्।

हमासको एक प्रतिनिधिमण्डल इजिप्टका मध्यस्थकर्ताहरूसँग१८ महिना लामो युद्धबाट कसरी बाहिर निस्कने भन्ने विषयमा कायरोमा छलफल गरिरहेको छ।

हमासका एक अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग भने, "प्यालेस्टिनी लडाकू समूह 'एउटै चरणमा कैदीहरूको आदानप्रदान र पाँच वर्षका लागि युद्धविरामका लागि तयार रहेको' छ।"

युद्धविरामका लागि पछिल्लो प्रयास इजरायलको प्रस्तावपछि आएको हो, जसलाई हमासले यसै महिनाको सुरुमा 'आंशिक' भन्दै अस्वीकार गरेको थियो र यसको साटो सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणबाट प्रज्वलित युद्ध रोक्न 'विस्तृत' सम्झौताको माग गरेको थियो।

इजरायली प्रस्तावमा १० जना जीवित बन्धकहरूको फिर्तीको बदलामा ४५ दिनको युद्धविराम प्रस्ताव गरिएको छ।

हमासले युद्धविराम सम्झौताले युद्ध अन्त्य गर्नुपर्ने, गाजापट्टीबाट इजरायली सेनाको पूर्ण फिर्ता हुनुपर्ने र घेराबन्दी गरिएको क्षेत्रमा मानवीय सहायता बढाउनुपर्ने माग गर्दै आएको छ।

इजरायलले सन् २०२३ मा भएको आक्रमणमा समातिएका सबै बन्धकलाई फिर्ता गर्न र हमासको निःशस्त्रीकरणको माग गर्दै आएको छ।

गाजामा दुई महिना लामो युद्धविरामपछि इजरायलले पुनः आक्रमण गरेको एक महिनाभन्दा बढी समयपछि हमासका एक अधिकारीले यसै साताको सुरुमा कायरोमा रहेको आफ्नो प्रतिनिधिमण्डलले युद्धविरामका लागि 'नयाँ विचार' बारे छलफल गर्ने बताएका थिए। एजेन्सी

# रामचरित मानस महायक्षको आयोजना हुने

**राजविराज**/सप्तरीमा यही बैशाख २१ गतेदेखि श्री सीताराम नाम १०८ मण्डपीय संकिर्तन एवं रामचरित मानस महायक्षको आयोजना हुने भएको छ।

जिल्लाको रुपनी गाउँपालिका वडा नं. ५ स्थित गजेन्द्रनारायण सिह औधोगिक क्षेत्रमा विश्व शान्ति, मानव कल्याण, औधौगिक क्षेत्रको विकास तथा उधोगीहरुलाई आकर्षित गर्ने कामनाका साथ महायज्ञको आयोजना गर्न लागिएको हो।

शुक्रबार महायज्ञस्थल मै पत्रकार सम्मेलनको आयोजना गरी आयोजक समितिले बैशाख २१ गतेदेखी २९ गते ९ दिन सम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विभिन्न धर्मगुरुका साथै साधु-सन्तहरुको व्यापक सहभागिता हुने जनाएको छ।

समितिका अध्यक्ष गणपैत पण्डित कुम्हारले यज्ञकर्ता एवं संरक्षक जगत नन्दन दासजी (पगलाबाबा) ले महायज्ञमा भारतका शंकराचार्य पिठाधिश जगत गुरु शारदानन्द सरस्वतीका साथै नेपाल तथा भारतका प्रख्यात संन्तहरुबाट कथाबाचन हुने कार्यक्रम रहेको जानकारी दिँदै महायज्ञ सफल बनाउन सबैसंग आग्रह गरे।

महायज्ञमा अनुमानित लागत ३ करोड ३६ लाख रहेको आयोजक समितिका सहअध्यक्ष समेत रहेका रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिदै १५ लाखभन्दा बढी भक्तजन आउने बताए।

महायज्ञ भव्य बनाउनका लागी धार्मिक प्रवचन, रासलिला, रामलिला, झुला खेलसहित मनोरंजनका विभिन्न कार्यक्रमहरु आयोजना हुने जिल्ला समन्वय समितीका उपप्रमुख एवं महायज्ञ आयोजक समितिका सदस्य शम्भु प्रसाद यादवले जानकारी दिए।

महायज्ञस्थलमा अहिले पुजा विधीका लागी फुँसका १००८ वटा मण्डप बनाइएको छ भने विभिन्न देवी देउताका १०८ वटा मुर्ती बनाउने काम धमाधम चलिरहेको छ। महायज्ञ भव्य बनाउन विभिन्न ९ वटा उपसमितीहरु समेत बनाइएको छ।

महायज्ञको उद्घाटनका दिन १० हजार महिलाको सहभागितामा कलश यात्रा निकाल्ने तयारी गरिएको आयोजक समितिले जनाएको छ।

# १८ लाख भन्दा बढीका फलफुलसहित एक पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले भारतबाट तस्करी गरि नेपालतर्फ ल्याउँदै गरेको १८ लाख भन्दा बढीका फलफुलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका १ का २५ बर्षिय रबिन महतो छन्। उनले चलाएको सो गाडीमा भारतबाट भन्सार छलेर ल्याइएका स्याउ, सुन्तला र आँप लगायतका फलफुल बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्त प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

हुलाकी सडक अन्तरगत सप्तरीको बलान बिहुल २ चनही सडक खण्डमा प्रहरीले प्र०१-००१च०२४० नम्बरको पिकअप भ्यानबाट १८ लाख ५९ हजार ९ सय मुल्य बराबरको फलफुलसहित उनलाई प्रहरीले शुक्रबार पक्राउ गरेको हो।

प्रहरी चौकी चनहीबाट खटेको गस्ती टोलीले चेकजाचका क्रममा अवैध रुपमा ल्याइएको फलफुलसहित उक्त गाडी नियन्त्रणमा लिएको प्रहरी नायब उपरिक्षक बस्नेतको भनाई छ।

भन्सार छलेर ल्याइएको फलफुल र सो कार्यमा प्रयोग गरिएको पिकअपसहित चालक मेहतालाई शुक्रबार नै कारवाहीका लागि राजबिराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ।

# करणी मुद्दाका फरार अभियुक्त पक्राउ

**राजविराज**/एक युवतीको अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको अभियोगमा अदालतबाट कैद सजाय तोकी फरार रहेका एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ५ निबासी ४९ बर्षिय मो.इम्तियाज भन्ने इम्तियाज अहमद छन्।

इम्तियाजलाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा २०८० साल साउन ४ गते ८ बर्ष कैद सजाय हुने ठहर गरेको थियो। त्यस पछि फरार भएका उनलाई सोमबार गाउँ घर मै लुकीछिपी बसेको अवस्थामा इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए।

फैसला कार्यान्वयका क्रममा पक्राउ परेका उनलाई मंगलवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजबिराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

# हुण्डी कारोबारी पक्राउ

**राजविराज**/हुण्डि कारोबारमा संलग्न रहेको आरोपमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मलहनीयाका शम्भु मेहतालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौंबाट आएको प्रहरी टोलीले सप्तरी प्रहरीको समन्वयमा उनलाई विहीवार गाउँ मै लुकी वसेको अवस्थामा पक्राउ गरेको हो।

२२ बर्षिय मेहतामाथी हुण्डी कारोबारमा संलग्न रहेको भन्दै काठमाडौं र पर्सा प्रहरीमा उजुरी परेपछी अनुसन्धानका लागी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

उनलाई बिहीबार नै अनुसन्धानका लागी बिरगंज लगिएको छ। उनले एउटा समूह बनाई बिभिन्न स्थानमा हुण्डी कारोबार संचालन गर्दै आएको प्रहरीले जनाएको छ।

# सिटिजन्स बैंकको वार्षिकोत्सवमा रक्तदान

**राजविराज**/सिटिजन्स बैंक राजविराजको वार्षिकोत्सवमा रक्तदान कार्यक्रम गरिएको छ। सप्तरीमा ७ वटा शाखामार्फत सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंकले १८ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो।

बैंकका कलष्टर प्रमुख प्रकाश नेपालसहित राजविराज शाखाका १६ जना कर्मचारीले रक्तदान गरेको शाखा प्रमुख राजकुमार यादवले जानकारी दिए।

बैंकका क्लस्टर प्रमुख प्रकाश नेपाल, राजविराज शाखाका प्रबन्धक राजकुमार यादव, अमिर रहमान, रजनीश यादव, प्रशान्त देव, आशुतोष झा, अमन दास, राघव पोखरेल, अमन दास लगायत दुई दर्जन बढी कर्मचारीले रक्तदान गरेका छन।

सप्तरीका ७ वटा शाखा र सिरहाका १ वटा गरि ८ वटा शाखाका ७० जना कर्मचारीको सहभागितामा विहानै प्रभातफेरी निकालिएको र त्यसपछि नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा रक्तदान गरि १८औं बाषिकोत्सव मनाइएको उनले बताए।

### राधाकृष्ण...

दुई ठाउँबाट चोरी भएको थियो।

पुस्तक काउन्टरबाट डेढ हजार जति नगद चोरी भएपनी दानपेटीकाबाट चोरी भएको रकम यकिन गर्न नसकिएको मुल पुजारी रत्नेश्वर झाले बताए। यद्धपी दानपेटीकाबाट चार हजार देखी पाँच हजार जती नगद रकम चोरी भएको हुन सक्ने उनको अनुमान छ।

शनिबार विहान ५ बजे तीर मन्दिरको ढोका खोल्न आउदा मात्र चोरी भएको थाहा पाएको पुजारी झाले सुनाए। मन्दिर परिसरमा सिसी क्यामेरा जडान नभएकाले चोरको पहिचान गर्न कठिन भएको मन्दिर व्यबस्थापन समितीका सचिव बिरेन्द्र गुप्ताले बताए।

राजविराजको प्राचिन मन्दिर मध्येका एक उक्त मन्दिर परिसरमा शौचालय तथा बाथरुमको सुविधा नहुँदा रातीको समयमा पुजारीहरु आ-आफनो घर जाने र बिहान पख आउने गरेका छन। यही मौका छोपेर चोरले सम्पती चोरेर लैजाने गरेको स्थानीयको भनाइ छ।

यस अघि गत चैत्त २५ गते पनि उक्त मन्दिरमा रहेको दानपेटीका र पुस्तक काउन्टरको ताल्चा फुटाएर हजारौं रकम चोरी भएको थियो। यस्तै ६ महिना अघि पनि यहाँस्थित शनी मन्दिरमा समेत चोरले दान पेटीका फुटाएर १० हजार भन्दा बढी रकम चोरेर लगेका थिए।

घटनाको खबर पाएपछि पुगेको प्रहरी टोलीले मुल पुजारी तथा आसपासका बासिन्दा संग आवश्यक सोधपुछ गरी चोरीमा संलग्नको खोजी कार्य सुरु गरेको जनाएको छ।


## बन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका ठूटा जथाभावी नफालौं। यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजङ्गलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*